माडी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

घर्तिगाउँ, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको विक्रीका लागि सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८।०४।०५

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क र यस माडी गाउँपालिकाको आर्थिक ऐन, २०७७ को व्यवस्था बमोजिम तपसिलमा उल्लिखित नदीहरूको स्वीकृत घाटहरूबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी तोकिएको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/७८ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरू सलग्न गरी तपसिल बमोजिमका शर्तहरूको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र. सं. | सूचना नं. /बोलपत्र न. | बोलपत्रको नाम | उत्खनन् परिमाण (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ. कर बाहेक) | न्यूनतम धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| | MRM/SQ/01-077178 | माडी र चिउरांगाड खोलाको किनारबाट बालुवा संकलन | ९२४८९.०० | ४,६२,४४५/ | १२,०००/- | १,०००/- |

शर्तहरू

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा

२. नेपालीको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा नेपाल बैंक लिमिटेड, घर्तिगाउँ शाखामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता न. १६५०३०००००१००१००००१ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले १५(पन्ध्र) औ दिनमा कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ।

३. सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्ते पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।



प्रमुख प्रशासकीय अधिकृत

४. सिलबन्दी दरभाउपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाइ मान्यता दिइनेछ । आफूले कबोल गरेको अंकको २.५ प्रतिशतको दरले हुन आउने रकम यस कार्यालयको नेपाल बैङ्क लिमिटेड, घर्तिगाउँ शाखामा रहेको धरौटी खाता नं. १६५०३०००००३००००००००१ मा जम्मा गरी सोको सक्कल बैङ्क भौचर वा राष्ट्र बैंकबाट इजाजत प्राप्त बैङ्कबाट यस कायार्लयको नाममा बोलपत्र न. र नाम उल्लेख गरी ४५ दिनको म्याद सहित जारी गरिएको बिडबन्ड सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ।

५. खरिद गरेको दरभाउपत्र फारमहरूमा उल्लेख भएका सबै विवरणहरू भरी दरभाउपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाइल नं., समेत स्पष्ट खुलाइ फर्मको छाप लगाइ प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औ दिन दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ ।

६. एक फर्म वा संस्थाको नाममा खरिद भएको दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका सिलबन्दी दरभाउपत्रहरू सूचना प्रकाशित भएको मितिले १६ औ दिनको ०२.०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधी, दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ साथै दरभाउपत्रदाता वा निजको प्रतिनिधी दरभाउपत्र खोल्ने समयमा उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

७. म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका दरभाउपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८. दरभाउपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिनभित्र मु.अ. कर दर्ता प्रमाणपत्र समेत लिइ कबोल अंकको प्रथम किस्ताबापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ दोस्रो किस्ताबापत ५० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैङ्कबाट इजाजतप्राप्त बैङ्कबाट यस कार्यालयको नाममा २०७८ साल असोज मसान्तसम्म म्याद सहित जारी गरिएको बैङ्क ग्यारेन्टी (परफरमेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत भ्याट रकम समेत यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाइ आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

९. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस गाउँपालिका वा नगरपालिकाका नदी तथा नदीहरूको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा अन्य प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।



प्रमुख प्रशासकीय अधिकृत